नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७०/७१-१०
चलानी नं. : १३२

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ती

नेपाल धितोपत्र बोर्डमा दर्ता भई नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत होटल, उत्पादनमुलक, ट्रेडिङ्ग, जलविद्युत् र ईन्स्योरेन्स समूहका संगठित संस्थाहरुलाई लक्षित गरी केन्द्रीय निक्षेप प्रणाली तथा धितोपत्र अभौतिकीकरण सम्बन्धी जानकारी दिन सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) ले मिति २०७०/०५/२८ गते शुक्रबार काठमाण्डौको गौशाला स्थित होटल इन्द्रेणी हिमालयमा **"निष्काशनकर्ता सचेतना कार्यक्रम"** आयोजना गरेको छ । नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) तथा सिडिएससिका संचालक समितिका अध्यक्ष प्रा.डा.जीवनाथ धितालको सभापतित्वमा संचालित सो कार्यक्रममा नेप्से तथा सिडिएससिका संचालक समितिका सदस्य श्री अरुण श्रेष्ठ, नेपाल धितोपत्र बोर्डका निर्देशक श्री निरज गिरी, नेप्सेका मुख्य प्रबन्धक श्री विजय गुरुङ्ग र सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री सुबोध शर्मा सिग्देल अतिथिको रुपमा सहभागी हुनु भएको थियो ।

उक्त कार्यक्रममा पूँजी बजारको विकासका लागि सिडिएससिको महत्व तथा भूमिकाको बारेमा प्रकाश पार्दै धितोपत्र अभौतिकीकरण गर्नका लागि आवश्यक मापदण्ड तथा प्रकृयाहरुको बारेमा नेप्से र सिडिएससिको तर्फबाट कार्यपत्र प्रस्तुत गरी जानकारी गराईएको थियो । मन्तव्यको क्रममा नेपाल धितोपत्र बोर्ड तथा नेप्सेका आमन्त्रित अतिथिहरुबाट सिडिएससिको महत्व दर्शाउँदै उपस्थित सूचीकृत संगठित संस्थाहरुलाई यथाशक्य छिटो सिडिएससिमा आवद्ध भई पूँजीबजारको विकासका लागि सहयोग गरिदिन समेत अनुरोध गर्नु भएको थियो । साथै कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुबोध शर्मा सिग्देलले कम्पनीको वर्तमान स्थिति तथा भावी योजना बारे प्रकाश पार्दै उपस्थित संगठित संस्थाहरुलाई धितोपत्र अभौतिकीकरणको लागि सिडिएसिमा दर्ता हुन आउन तथा विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट कार्य अगाडि बढाउनको लागि सम्पूर्ण सदस्य दलालहरुलाई राफसाफ सदस्यता लिनको लागि आव्हान गरी असोज मसान्त सम्म राफसाफ तथा फछ्र्यौट कार्य नियमित रुपमा गर्ने लक्ष्य लिएको समेत जानकारी दिनुभयो ।

Subodh

मिति : २०७०/०५/३०

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com